# तथ्य पत्र अन्तर्लिङ्गी

### अन्तर्लिङ्गी भनेको के हो ?

अन्तर्लिङ्गी व्यक्तिहरू पुलिङ्गी र स्त्रीलिङ्गी शरीरका टिपिकल धारणाहरूमा नअटाउने यौन विशेषताहरू (यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा) लिएर जन्मेका हुन्छन् ।

अन्तर्लिङ्गी एउटा छाता शब्द हो जसले शारीरिक विविधताको व्यापकतालाई व्याख्या गर्दछ । केही अवस्थाहरूमा अन्तर्लिङ्गी गुणहरू जन्मने बित्तिकै देखिन्छ भने केही अन्तर्लिङ्गी गुणहरू किशोरावस्थामा मात्र देखिन्छ । केही अन्तर्लिङ्गी गुणसुत्र विविधता भने शारीरिक रूपमा देखा नपर्न पनि सक्छ ।

विज्ञहरूका अनुसार, करिब ०.०५५ र १.७५ जनसङख्या अन्तर्लिङ्गी गुण लिएर जन्मेका हुन्छन् । यो संख्या रातो कपाल भएका व्यक्तिको तुलनामा रहेको छ ।

अन्तर्लिङ्गी हुनु नीजको जैविक यौन विशेषताहरू हुन् र यो नीजको यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचान भन्दा भिन्न हुन्छ । एक अन्तर्लिङ्गी व्यक्ति विषमयौनिक, समयौनिक, द्वयौनिक वा अयौनिक हुन सक्छ, र आफूलाई पुरुष, महिला, दुबै वा कुनै पनि होइन भनी पहिचान गर्न सक्दछ । उनीहरूका शरीरहरूलाई 'फरक' भनी हेरिएकाले, प्राय अन्तर्लिङ्गी बच्चा तथा वयस्कहरूलाई लाञ्छना लगाइन्छ र उनीहरूको स्वास्थ्य तथा शारीरिक निष्ठाको अधिकार, यातना तथा दुर्व्यवहारबाट मुक्त हुन पाउने तथा समानता र विभेद रहितको अधिकार समेत उल्लङ्घन हुने गरी विभिन्न मानव अधिकार हनन तथा उल्लङ्घनका शिकार हुन्छन् ।

### शारीरिक निष्ठा

सामाजमा व्यापक रहेको द्वयसांखिक यौन वर्गिकरणमा अटाउनका निम्ति अन्तर्लिङ्गी शिशु तथा बच्चाहरूलाई अनावश्यक शल्यक्रिया र अन्य चिकित्सा प्रकृयाहरू गर्ने एउटा समान्य अभ्यास भएको छ ।

यस्ता अपरिवर्तनीय प्रकृयाहरूले स्थाई बाँझोपन, पीडा तथा दुखाइ, पिसाब फेर्नमा स्व:नियन्त्रण नरहनु, यौन उत्तेजना गुमाउनु र उदासीनता सहित जीवनभर मानसिक उत्पीडन निम्त्याउन सक्छ । नियमित रूपमा नीजको पूर्ण, स्वतन्त्र र सूचित सहमती बिना गरिने, प्राय जसो निर्णय लिन सक्ने उमेर नभएकालाई, यस्ता प्रकृयाहरूले नीजको शारीरिक निष्ठा, यातना तथा दुर्व्यवहारबाट मुक्त हुन पाउने एवं हानिकारक अभ्यासहरूबाट मुक्त भई बाँच्न पाउने अधिकार हनन हुन्छ ।

यस्ता प्रकृयाहरूलाई अक्सर सांस्कृतिक र लैङ्गिक मूल्य मान्यता तथा अन्तर्लिङ्गी व्यक्तिहरू र समाजमा उनीहरूको संगठन प्रति विभेदपूर्ण विश्वासलाई आधार मानी उचित सिद्ध गर्न खोज्दछन् ।

विभेदपूर्ण मनोवृतिले जबरजस्ती गरिने उपचार र शारीरिक निष्ठाको अधिकार हननका साथै मानव अधिकारका हनन तथा उल्लङ्घनलाई कहिल्यै उचित ठहर्याउन सक्दैन । यसमा राज्यको दायित्व भन्नाले यस्ता हानिकारक पूर्वचित्रण तथा विभेदलाई सबलिकरण गर्नु होइन कि यस विरुद्ध लड्नु हो ।

दुर्भाग्यवसपूर्ण, यस्ता विश्वास र सामाजिक दबाबहरू अक्सर चिकिसक तथा अन्तर्लिङ्गी बच्चाहरुका अभिभावक(हरू)ले प्रतिबिम्बित गर्दछन, जसले कुनै मेडिकल संकेत, आवश्यकता वा आपतकालीन अवस्था बिना नै यस्ता प्रकृयाहरू गर्न प्रोत्साहन गर्छन् वा आफ्नो मञ्जुरी दिन्छन यस बावजुद कि त्यस्ता प्रकृयाहरू मानव अधिकार मानकहरू विरुद्ध छन् ।

अक्सर साथी-संगी लगायत अन्तर्लिङ्गी वयस्क तथा उनका परिवारहरूसँग सम्पर्क बिना नै यस्ता शल्यक्रियाका तत्कालीन तथा दीर्घकालीन परिणामहरू बारे पूर्ण सूचना नभए पनि मञ्जुरी दिइने गरिन्छ ।

धेरैजना अन्तर्लिङ्गी वयस्कहरू जो बाल्यावस्थामा यस्ता शल्यक्रियाका शिकार भए, उनीहरू आफ्नो अन्तर्लिङ्गी गुणहरूलाई मेटाउन गरिएका प्रयाससँग सम्बन्धित लज्जा र लाञ्छनालाई जोड दिन्छन् । धेरैजनाले आफू नअट्ने लिङ्ग र लैङ्गिकताको कोठामा बस्न बाध्य बनाइएको महसुस गर्छन् ।

यस्ता शल्यक्रिया तथा चिकित्सा प्रकृयाहरूले नीजको शारीरिक निष्ठा तथा स्वायत्ततामा अपरिवर्तनीय प्रभाव पार्ने हुनाले यस्ता मेडिकल हिसाबले अनावश्यक, अप्रत्याशित शल्यक्रिया वा उपचार निषेधित हुनुपर्छ । आफ्ना साथी-संगीका साथै अन्तर्लिङ्गी बच्चाहरू र उनका परिवार सदस्यहरूलाई पर्याप्त परामर्श र समर्थन प्रदान गर्नु पर्दछ ।

## विभेद

कुनै व्यक्ति अन्तर्लिङ्गी हो भनेर वा ऊ कुनै लैङ्गिकताको मूल्य मान्यतामा अटाउन नसक्ने व्यक्ति भनेर थाहा पाएमा नीजले विभेद र दुर्व्यवहार भोग्नुपर्ने हुन्छ । विभेद विरुद्धको कानुनहरूले प्रायजसो अन्तर्लिङ्गी व्यक्तिहरू प्रति हुने विभेदलाई प्रतिबन्ध गर्दैन, जसकारण अन्तर्लिङ्गी व्यक्तिहरू स्वास्थ्य सेवा, शिक्षा, सार्वजनिक सेवा, रोजगारी र खेलकुद लगायतका विभिन्न क्षेत्रहरूमा हुने विभेदकारी अभ्यासको जोखिममा हुन्छन् ।

अन्तरलिंगी व्यक्तिहरुका बिशेष स्वास्थ्य आवश्यकताहरु, उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने एवं उनीहरूको स्वायत्तता र शारीरिक निष्ठा तथा स्वास्थ्य सम्बन्धी अन्तर्लिङ्गी व्यक्तिहरूको अधिकार बारे स्वास्थ्य सेवा प्रदायकहरूमा अक्सर तालिम, ज्ञान र बुझाइको कमी हुन्छ ।

केही अन्तर्लिङ्गी व्यक्तिहरूले आफ्नो जन्मदर्ता प्रमाणपत्र र औपचारिक कागजातहरूमा लिङ्गको महल इङ्गनलाई संशोधन गर्न चाहेमा नीजले बाधा र विभेद भोग्नुपरेको छ ।

अन्तर्लिङ्गी खेलाडीहरूलाई विशेष बाधाहरू छन् । यस्ता थुप्रै घटनाहरू छन् जसमा अन्तर्लिङ्गी महिला खेलाडीहरूलाई नीजको अन्तर्लिङ्गी गुणहरूका कारण खेलकुद प्रतियोगिताबाट नै अयोग्य ठहर्याइएको छ । अन्तर्लिङ्गी भएका कारणले बढी क्षमता हुने होइन, तर उचाई तथा मांशापेशी विकास जस्ता शारीरिक विविधता जसले खेलाडीको क्षमतामा असर पार्दछ, त्यसलाई भने कुनै जाँच वा प्रतिबन्ध लगाइँदैन ।

## सुरक्षा र समाधान

अन्तर्लिङ्गी व्यक्तिहरूको अधिकार हन हुनुबाट संरक्षण गरिनुपर्दछ । यस्ता हननहरू हुने बेलामा, छानबीन गरी दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्दछ । पीडितहरूलाई क्षतीपूर्ती सहित प्रभावकारी समाधानमा पहुँच हुनुपर्दछ ।

अन्तर्लिङ्गी व्यक्तिहरूलाई प्रभाव पर्ने कुनै पनि कानुन र नीति नियम बनाउने बेलामा उनीहरूको सल्लाह लिनुपर्दछ ।

## सकरात्मक विकासहरू

सन् २०१३ मा अष्ट्रेलियाले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र अन्तर्लिङ्गी स्थिति ऐन Sex Discrimination Amendment (Sexual Orientation, Gender Identity and Intersex Status) Act - जारी गर्‍यो । अन्तर्लिङ्गी गुणका आधारमा विभेदलाई निषेधित गर्ने यो पहिलो स्वतन्त्र कानुन बन्न पुग्यो । अष्ट्रेलियन सीनेटले अन्तर्लिङ्गी व्यक्तिहरूलाई स्वइच्छा बिना वा बाध्यात्मक ढङ्गले गरिने बन्ध्याकरण बारे औपचारिक सोधपुछ गरेका छन् ।

सन् २०१५ मा माल्टाले लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतीकरण र यौन विशेषता ऐन Gender Identity, Gender Expression and Sex Characteristics Act जारी गऱ्या । नाबालिगहरूका यौन विशेषताहरूलाई सूचित मञ्जुरी बिना गरिने शल्यक्रिया र उपचार माथी प्रतिबन्ध लगाउने यो पहिलो कानुन बन्न पुग्यो । यसले यौन विशेषताका आधारमा हुने विभेदलाई निषेधित गर्दछ ।

## चाल्नुपर्ने कदमहरू

**राज्य :**

• अन्तर्लिङ्गी बच्चाहरूका यौन गुणहरूमा गरिने मेडिकल हिसाबले अनावश्यक शल्यक्रिया तथा प्रकृयाहरूमा प्रतिबन्ध लगाउने, र उनीहरूको शारीरिक निष्ठालाई संरक्षण गरी नीजको स्वायत्ततालाई सम्मान गर्नुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्ति र उनीहरूका परिवारले आफ्ना साथी संगी सहित पर्याप्त परामर्श तथा समर्थन प्राप्त गरून भनी सुनिश्चित गर्नुपर्ने ।

• अन्तर्लिङ्गी गुण, विशेषता वा स्थितिका आधारमा हुने विभेदलाई निषेधित गर्नेस शिक्षा, स्वास्थ्य सेवा, रोजगार, खेलकुद र सार्वजनिक सेवामा पहुँच सहित त्यस्ता विभेदहरूलाई विभेद विरुद्धका पहलहरूबाट सम्बोधन गर्नुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्तिहरू प्रति हुने मानव अधिकार हनन तथा उल्लङ्घनमा छानबिन गरी दोषीलाई कारवाही हुनेमा सुनिश्चितता गर्नु र पीडितहरूले त्यस्ता हनन भएको खण्डमा प्रभावकारी समाधान र क्षतीपूर्ती प्रति पहुँच हुनु पर्ने ।

• राष्ट्रिय मानव अधिकार निकायहरूले अन्तर्लिङ्गी व्यक्तिहरूको मानव अधिकार स्थिति बारे अनुसन्धान र निगरानी गर्नुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्तिहरूका जन्म दर्ता प्रमाणपत्र तथा औपचारिक कागजातहरूको लिङ्ग इङ्गिकरणलाई संसोधन गर्ने प्रकृयामा सुविधा हुने प्रकारको कानुन हुनुपर्ने ।

• स्वास्थ्य सेवा प्रदायकहरूलाई अन्तर्लिङ्गी व्यक्तिहरूको स्वास्थ्य आवश्यकता र मानव अधिकार बारे तालिम दिनुपर्ने र अन्तर्लिङ्गी बच्चाहरू तथा उनीहरूका अभिभावकहरूलाई प्रदान गर्ने सेवामा उपयुक्त सल्लाह दिन, अन्तर्लिङ्गी व्यक्तिका शारीरिक स्वायत्तता, निष्ठा र गुणहरू प्रति सम्मानपूर्वक व्यवहार हुनुपर्ने ।

• न्यायालयका सदस्य, अध्यागमन विभाग, कानुन प्रवर्तक, स्वास्थ्य सेवा, शिक्षा र अन्य अधिकारी तथा कर्मचारीहरू अन्तर्लिङ्गी व्यक्तिहरूलाई समान व्यवहार गर्नका निम्ति तालिम प्राप्त हुनुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्तिहरू र संघ संथाहरूलाई उनीहरू प्रति प्राभाव पर्ने कुनै पनि अनुसन्धानको विकास, कानुन र नीति निर्माण गर्ने बेलामा परामर्श लिने र सहभागी गराउनुपर्ने ।

## मिडिया

• अन्तर्लिङ्गी व्यक्ति तथा समूहका आवाजहरूलाई समाचारपत्र, टिभि तथा रेडियो कभरेजमा समावेश गर्नुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्तिहरू र उनका मानव अधिकारका चिन्तनहरूलाई सन्तुलित र गैह्र-पूर्वाग्रही ढङ्गले प्रस्तुत गर्नुपर्ने ।

• अन्तर्लिङ्गी व्यक्तिहरूको लैङ्गिक पहिचान र यौन अभिमुखिकरण बारे स्वःअनुमान लागाउनु नहुने ।

## तपाइँ, तपाइँका साथीहरू र अरु व्यक्तिहरूले पनि परिवर्तन ल्याउन सक्नुहुन्छ ।

• अन्तर्लिङ्गी व्यक्तिहरू प्रति हुने कुनै प्रकारको विभेद वा हिंसा देख्नु भएमा प्रतिकार गर्नुहोस ।

• याद राख्नुहोस् कि अन्तर्लिङ्गी व्यक्तिहरूको लैङ्गिक पहिचान वा यौन अभिमुखिकरण आ आफ्नै हुन सक्छ ।

**नेपालीमा संयुक्त राष्ट संघ तथ्य पत्रको स्वीकृति :** संयुक्त राष्टसंघ अन्तर्लिङ्गी तथ्य पत्रलाई एसियाली भाषाहरुमा गरिएको अनुवाद परियोजना RFSL को आर्थिक सहयोग द्वारा अन्तर्लिङ्गी एसिया (Intersex Asia) को पहलमा भएको थियो । अन्तर्लिङ्गी एसिया (Intersex Asia) इशान रेग्मी र क्याम्पेन फर चेन्ज नेपालका अन्य सदस्यहरुलाई उहाँहरुको निवेश, सम्पादन र अनुवाद सहायताको लागि धन्यवाद ब्यक्त गर्दछ ।

यस परियोजनाका निम्ति अनुमति प्रदान गरिदिनुभएकोमा संयुक्त राष्ट संघ स्वतन्त्र र समान अभियान (UN Free and Equal Campaign) र मानव अधिकारका निम्ति संयुक्त राष्ट संघको उच्च आयुक्त (OHCHR) लाई धेरै धन्यवाद व्यक्त गर्दछौं । यो अंग्रेजी भाषाको सक्कल दस्तावेजबाट नेपालीमा अनौपचारिक अनुवाद हो । यो अनुवाद राष्टिय अन्तर्लिङ्गी अभियानकर्मी द्वारा प्रुफरिड र पुष्टि भएको छ । संयुक्त राष्ट संघले यस अनौपचारिक अनुवादको शुद्धताका लागि कुनै दायित्व वहन गर्दैन ।

Produced by: intersex Asia

Source: UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER; FREE & EQUAL UNITED NATIONS

Our Sponsors: RFSL; Astraea Lesbian Foundation for Justice; mama cash

Allies: OII-Chinese